# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, माघ १० गते, २०७६ साल (संख्या १७

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**<u>पशुपन्छी विकास कार्यक्रम(मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन) कार्यान्वयन कार्यविधि, २०७६</u>**

खाँडादेवी गाउँपालिका

**प्रस्तावनाः**

पशुपन्छीपालन व्यवसाय खाँडादेवी गाउँपालिकाको आर्थिक विकास कृयाकलापको महत्वपुर्ण अंगको रुपमा रहेको छ। खाँडादेवी गाउँपालिकामा पशुपन्छीपालन व्यवसायलाई थप व्यवसायिक, उत्पादन लागत घटाउन यान्त्रिकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउँदै लैजान जरुरी छ।ग्रामिण समुदायको जिविकोपार्जनको भरपर्दो माध्यमको रुपमा रहेको पशुपालन व्यवसायले गाउँपालिकाको आर्थिक सम्मृद्धिमा समेत उल्लेख पुर्याउने भएकोले खाँडादेवी गाउँपालिकाले यस क्षेत्रको विकासलाई उच्च प्राथमिकता प्रदान गरि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडि सारेको छ। पशुपन्छी विकास कार्यक्रम (मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन) कार्यक्रम निश्चित विधि र प्रकृया अन्तरगत एकरुप कायम राखी सञ्चालन गर्न सकियोस भन्ने हेतुले खाँडादेवी गाउँपालिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) को व्यवस्था अनुरुप "पशुपन्छी विकास कार्यक्रम( मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन) कार्यान्वयन कार्यविधि, २०७६"जारी गरेको छ।

## परिच्छेदः १

**१) सक्षिप्त नाम र प्रारम्भ**

**क)** यस कार्यविधिको नाम "पशुपन्छी विकास कार्यक्रम(मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन) कार्यन्वयन कार्यविधि, २०७६" रहेको छ।

ख) यो कार्यविधि खाँडादेवी गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ।

ग) यो कार्यविधि खाँडादेवी गाउँ कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

## २) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क) "**गाउँपालिका**" भन्नाले खाँडादेवी गाउँपालिकालाई जनाउने छ।

ख) "**कार्यपालिका**" भन्नाले खाँडादेवी गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ।

ग) "**आर्थिक विकास समिति**" भन्नाले खाँडादेवी गाउँपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ।

घ) "**शाखा**" भन्नाले खाँडादेवी गाउँपालिकाको पशु सेवा शाखालाई जनाउने छ।

ङ) "**फर्म, समुह, सहकारी, समिति**" भन्नाले प्रचलित कानुन बमोजिम पशुपालन व्यवसाय संग सम्बन्धित भई स्थापित फर्म, समुह, सहकारी समिति जनाउनेछ।

च) "**पशुपन्छी**" भन्नाले घरपालुवा गाई, भैसी, भेडा, बाख्रा, बंगुर जस्ता चौपाया तथा कुखुरा, टर्की, अस्ट्रिज जस्ता पन्छी र माछा तथा सो खाले सबै जाति र उमेरको भाले वा पोथिलाई जनाउनेछ।

## ३) उद्देश्यः

यो कार्यविधिको उद्देश्य निम्न रहेको छन्

क) पशुपन्छीपालन व्यवसायलाई प्रवर्द्धन गर्न

ख) पराम्परागत उद्यमलाई आधुनिकिकरण गर्न

ग) पशुपालन व्यवसाय अन्तर्गत थप रोजगारीका अवसरहरु सिर्जना गरी आयमा बृद्धिका साथै जिवनस्तर सुधार गर्न

खाँडादेवी गाउँपालिका

## परिच्छेद-२

### ४. कार्यक्रम संचालन हुने क्षेत्रहरुः

१) यस कार्यक्रमको छनौट र सञ्चालन कार्यालयले कार्यविधि अनुसार गर्नुपर्नेछ।

२) कार्यक्रम सञ्चालन गाउँपालिकाको नौ(९) वडाहरुमा हुनेछ।

पशुपालनमा संलग्न वा सो व्यवसाय शुरु गर्न चाहने स्थानिय तह वा नेपाल सरकारमा नियामाअनुसार दर्ता भएका निजि फार्म/समूह/समिति सहकारीमा आवद्ध कृषकहरु यस कार्यक्रमको प्राथमिकतामा पर्नेछन।

### ५. कार्यक्रमबाट उपलब्ध गराईने अनुदान रकमः पशुपन्छी विकास कार्यक्रम(मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन) खर्च शिर्षक भएअनुसार हुनेछ।

क) यस कार्याक्रमबाट उपलब्ध हुने अनुदान सहयोग लागत साझेदारीमा(५०;५० अनुपात) सहयोग अनुदान रकम प्रतिफलको आधारमा उपलब्ध हुनेछ।

ख) मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन गर्न बढिमा अनुदान रकम पचास प्रतिशत वा प्रति स्कीम बढिमा रु.१,००,०००/-(एक लाख मात्र) र कृषक स्वयंले अनुदानको पचास प्रतिशतले लगानी गरी कार्ययोजना पेश गर्नुपर्नेछ।

६. अनुदान यस कार्यक्रमबाट उपलब्ध हुने रकम व्यवसायीहरु उन्नत नस्लका पशु खरिद रकम

उपयोग तथा सम्बन्धित पशुको गोठ वा खोर, निर्माण वा सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ्ग टयाङ्क क्रियाकलापहरु उपयोग गर्न सक्नेछन् तर यो

रकमबाट पशुको दाना, औषधि, खनिजपदार्थ लगाएतका खपत सामाग्रीहरु खरिद गर्न पाईने छैन।

## परिच्छेद-३

१. **अनुदान दिने आधारहरु:**

क. गाई/भैसी कम्तिमा ५ माउ हुनपर्नेछ

ख. बाख्रा कम्तिमा २५ माउ हुनपर्नेछ।

ग. बंगुर कम्तिमा १५ माउ हुनुपर्नेछ।

२. **छनौट समितिः** खाँडादेवी गाउँपालिकामा गठन गरिएको कृषि विकास समिति वा आर्थिक विकास समिति द्धारा छौनोट कार्य सम्पन्न गरिन्छ।

३. छनौट समितिको काम, कर्तव्य र अधिकारः छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,

ख) लाभग्राहीको छनौट गर्ने

ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनकको चरण लैजाने

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन

१. पशुपन्छी विकास कार्यक्रम(मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन) कार्यक्रमको सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ

२. प्रस्ताव आव्हानः व्यवसायिक गाई, भैसी, बाख्रा बंगुर फार्म स्थापना वा सृदृढिकरणका लागि कार्यक्रम शाखामा प्रस्ताव आव्हान गरिनेछ। प्रस्ताव आव्हानको सुचना अनुसुची-१ बमोजिम र पशुपन्छी विकास

खाँडादेवी गाउँपालिका

कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन — पत्र अनुसूची ३ हुनेछ।

३. छनौट भएका व्यवसायी संग सम्झौताः शाखाद्धारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसुचि ३ बमोजिमको दिपक्षिय सम्झौता गराईने छ।

४. छनौट भएका प्रस्तावकको सम्झौता गर्ने दायित्वः छनौट समितिकमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्न लागि अनुसूचि -३ बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित शाखाको हुनेछ।

५. छनौट भएका व्यवसायीलाई रकम उपलब्ध गराउने तरिकाः एकै किस्ता कार्ययोजना अनुसार सम्पन्न भएपछि र स्थलगत प्राविधिक अनुगमन पश्चात कार्यसम्पन्न भएको सिफारिस सम्बन्धित निकायबाट प्राप्त भएपछि अनुदानग्राही वा फार्मको खातामा अनुदान रकम उपलब्ध गराईने छ।

## परिच्छेद ५

## अनुगमन तथा मुल्याङ्कन

१) संचालित कार्यक्रमको अनुगमन, मुल्याँङ्कन गाउँपालिका, वडा कार्यालय, पशु विकास शाखाले गर्न सक्नेछ।

२. निर्देशन दिन सक्ने कार्यक्रम सम्बन्धमा खाँडादेवि गाउँपालिकाले , पशु सेवा शाखाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

३. कार्वाहीको व्यवस्थाः प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन वमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ।

खाँडादेवी गाउँपालिका

४. प्रचलित कानुन लागु हुनेः पशुपन्छी विकास कार्यक्रम(मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन) कार्यन्वयन कार्यविधि, २०७६सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको सम्बन्धमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

५. कार्याविधि संशोधन तथा परिमार्जनः स्थानिय सरकार, खाँडादेवी गाउँपालिका गाउँकार्यपालिकाबाट यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सकिनेछ।

खाँडादेवी गाउँपालिका

## अनुसूची- १

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित सूचना मितिः २०...../......../...........

खाँडादेवी गाउँपालिकाको पशुपन्छी सेवा शाखा आ.व ......./.........को वार्षिक स्वीकृत पशुपन्छी विकास कार्याक्रम अनुसार ५० प्रतिशत साझेदारी अनुदानमा तपशीलका कार्यक्रमहरु संचालन गर्नको लागि खाँडादेवी गाउँपालिका बसोबास गरेको कृषक/समुह/सगकारी/समिति प्रस्ताव आब्हानको लागि यो सार्वजानिक सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र .........../......./... गते सम्म तपशिलमा उल्लेखित विवरण सहितको आवेदन फारम सम्बन्धित पशुपन्छी सेवा शाखामा पेश गर्नु हुन जानकारी गराईन्छ।

**सञ्चालन गरिने कार्यक्रमहरुः**

| सि.न | सन्चालन गरिने कार्यक्रमहरु | परिमाण | शाखाको अनुदान रकम | साझेदारी संस्था | कृषकको अनुदान न्यूनतम रकम | जम्मा लगानी |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

**तपशिलः**

१. अनुसुची २ अनुसारको आवेदन फाराम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणपत्रहरु (तालिम) को प्रतिलिपिहरु
४. व्यवसायी फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा न. प्रमाण पत्रको प्रतिलिपि
५. जग्गाधनी प्रमाण पुर्जावालीज_भाडा, ठेक्का, अधियामा भए कम्तिमा ५ सम्झौतापत्र

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- २

## पशुपन्छी विकास कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन — पत्र

श्रीमान प्रमुख ज्यू,
पशुपन्छी सेवा शाखा
माकादुम, रामेछाप

**विषयः पशुपन्छी विकास कार्यक्रम अनुदान सहयोग उपलब्ध गराई दिने बारे।**

महोदय,

उपरोक्त विषयमा यस शाखाको मिति ....................गते प्रकाशित सुचना अनुसार पशुपन्छी विकास कार्यक्रम अनुदान प्राप्त गरि कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नाअनुसार कागजात राखी निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु। पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

**तपशिलः**

१. अनुसुची २ अनुसारको आवेदन फारम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र आफ्नो वडाको शिफारिस
४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम) को प्रतिलिपिहरु।
५. व्यवसायी फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा न. प्रमाण पत्रको प्रतिलिपि
६. जग्गाधनी प्रमाण पुर्जा वा लिज- भाडा, ठेक्का, अधियामा भए कम्तिमा १० वर्षे सम्झौतापत्र।

निवेदकको नामः
दस्तखतः
ठेगानाः
सम्पर्क नः

खाँडादेवी गाउँपालिका

## अनुसूची- ३

## दिपक्षीय सम्झौता पत्रः

खाँडादेवी गाउँपालिका पशुपक्षी सेवा शाखा मार्फत संचालन गरिने आ.व ७७/७८ को स्वीकृत कार्यक्रम **पशुपन्छी विकास कार्यक्रम(मत्स्यापालन, बंगुरपालन र बाख्रापालन, पन्छीपालन, गाईपालन/भैसीपालन)** संचालन गर्न गाउँपालिका पशुपक्षिं सेवा शाखा(यस भन्दा पछाडी पहिलो पक्ष भनिने),विशिष्टाको आधारमा छनौट भएका कृषक/श्री/सुश्री/श्रीमती ..........................................................(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बिच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१) यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्रकृतिक प्रकोप तथा अन्य आकस्मिक विपत पहिलो पक्ष जिम्मेवार हुने छैन।

२) दोश्रो पक्षले पशुपालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण राखी अद्यावधिक गरिरहनु पर्ने छ।

३) दोश्रो पक्षले आफ्नो फार्मको गतिविधिको फोटोहरु पहिलो पक्ष समक्ष उपलब्ध गराउनु पर्नेछ।

४) दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागेदारी हुनुपर्ने छ।

| **पहिलो पक्ष** | **दोश्रो पक्षः** |
|---|---|
| खाडादेवी गा.पा तर्फबाट | उद्यमी वा संस्थाको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |

खाँडादेवी गाउँपालिका

दस्तखत

दस्तखतः

पान नः

सस्थाको छापः

सम्पर्क नः

फार्मको खाता नः

बैंकको नाम र ठेगानाः

औठाको छापः

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०९।२६**
**प्रमाणीकरण मितिः २०७६।१०।१०**

**आज्ञाले,**
**महाप्रसाद दंगाल**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका